# एनएमबि बैंकद्वारा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु. ५१ लाखको सहयोग

एनएमबि बैंकले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु. ५१ लाख बराबरको रकम सहयोग स्वरुप प्रदान गरेको छ । उक्त सहयोगले बाढी पहिरोबाट प्रभावित समुदायलाई राहत तथा पुनर्स्थापना गराउन र बिग्रीएका, भत्किएका संरचनाहरुको पुनर्निमाण गर्न महत्वपूर्ण योगदान पुग्ने विश्वास बैंकले लिएको छ । बैंकका उच्च पदाधिकारीहरुले आज प्रधानमन्त्री कार्यालय सिंहदरबार पुगी उक्त सहयोग रकम बराबरको चेक प्रधानमन्त्री केपी शर्मा ओलीज्यू समक्ष हस्तान्तरण गर्नुभयो ।

बाढी पहिरोबाट प्रभावित समुदायहरुलाई अत्यावश्यक राहत र सहायता प्रदान गर्ने उद्देश्यका साथ प्रदान गरेको उक्त सहयोग बैंकको सामाजिक उत्तरदायित्व र सामुदायिक कल्याणप्रति आफ्नो प्रतिबद्धता हो । साथै, यस चुनौतीपूर्ण समयमा दैवी प्रकोपबाट प्रभाभित नेपाली नागरिकहरूलाई  चाहिने साथ र सहयोग पुग्ने विश्वास बैंकले लिएको छ ।

एनएमबि बैंकले हाल देशभर २०१ शाखाहरु, १८७ एटिएमहरु र ११ एक्सटेन्सन काउन्टरहरु मार्फत उच्चस्तरीय सेवा प्रदान गर्दै आइरहेको छ ।

**NMB Bank Contributes NPR 5.1 Million to Prime Minister's Disaster Relief Fund**

NMB Bank has announced a contribution of NPR 5.1 million to the Prime Minister's Disaster Relief Fund. This contribution aims to support the national flood and landslide relief efforts that have affected communities and infrastructure across the country. The senior officials of NMB Bank visited the Prime Minister's Office in Singha Durbar today, where they formally presented the cheque for the aid amount to Prime Minister KP Sharma Oli.

The Bank believes that this contribution will support much-needed assistance to those affected by the floods and landslide. The Bank always stands ready to support the citizens in this challenging hour, reinforcing its dedication to social responsibility and community welfare.

NMB Bank is currently providing its services through 201 branches, 187 ATMs and 11 extension counters.